बैठक नं ११७

आज मिति २०८३ जेठ महिनाको ४ गते नेपाल सम्वत ११४६ अनलाथ्व द्धितीया सोमबारको विहान ११ बजे पालुङ्टार नगरपालिकाका नगर प्रमुख श्री बिवस चिन्तनज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न निर्णय भई सम्पन्न भयो ।

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङ्टार ४ गोरखा | |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङ्टार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङ्टार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङ्टार २ गोरखा | |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङ्टार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङ्टार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङ्टार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङ्टार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङ्टार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङ्टार ८ गोरखा | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङटार ९ गोरखा | |
| १२ | रिखिराज घौराली | वडा अध्यक्ष | पालुङटार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङटार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङटार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङटार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङटार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङटार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङटार १० गोरखा | |
| २१ | शेर बहादुर वि.सी | सदस्य सचिव | | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र श्रेष्ठ | योजना शाखा | | |
| २ | राम जनम चौधरी | | | |

Scanned with CamScanner

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

पालुङटार नगरपालिका, नगर कार्यपालिकाको बैठकको निर्णयहरु

बैठक नं- ११७ मितिः २०८३-०२-०४

| क्र.स | प्रस्ताव | निर्णय |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा । | यस नगरपालिका नगर कार्यपालिकाको ११६ औं बैठकमा छलफल भई भएको निर्णयहरुको कार्यान्वियन सम्वन्धमा छलफल भयो । साथै सो बैठक देखि हाल सम्म नगरपालिका/ वडा कार्यालयबाट भएको कार्यहरुको समिक्षा गरियो । |
| २ | भूमि प्रशासन शाखा सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा । | प्रस्ताव नं २ मा छलफल गर्दा यस नगरपालिकालाई भूमि तथा नापी सम्वन्धी सेवा प्रवाहका लागि छनीट भई सञ्चालनका तयारी गर्न पत्रचार गरिएकोमा मिति २०८२-०२-२५ गतेबाट सेवा प्रारम्भ हुने गरी आवश्यक पुर्वाधार र सामाग्री खरिद कार्य गर्न निर्णय गरियो । |
| ३ | वडा सिमाना हेरफेरका लागि गठित समितिको प्रतिवेदन सम्वन्धमा । | प्रस्तुत विषयमा यस नगरपालिकाको वडा सिमना हेरफेरका लागि गठित समितिले थप छलफल गर्ने गरि समय माग गरेकोले थप अध्ययन गरि प्रतिवेदन पेश गर्न समय उपलब्ध गराउने निर्णय गरियो । |
| ४ | खेलकुद विकास तथा कार्यक्रम सञ्चालन कार्यविधि तर्जुमाका सैद्धान्तिक सहमति दिने सम्वन्धमा । | प्रस्तुत विषयमा यस नगरपालिकाको समग्र खेलकुद विकासलाई व्यवस्थित गर्न कार्यविधि निर्माण गर्नु पर्ने देखिएकोले, खेलकुद विकास तथा कार्यक्रम सञ्चालन कार्यविधि निर्माणका लागि सैद्धान्तिक सहमति दिने निर्णय गरियो । |
| ५ | लिगलिगकोटको जग्गा संरक्षण तथा बस्ती स्थानान्तरण गर्ने सम्वन्धमा । | यस नगरपालिका वडा नं २ मा रहेको ऐतिहासिक तथा धार्मिक महत्त्वको क्षेत्र लिगलिगकोटको संरक्षण गर्ने उद्देश्यले उक्त स्थानको जग्गा नापजाप गर्ने तथा सार्वजनिक जग्गामा व्यक्तिगत घर टहरा हटाउने र निजहरुलाई अन्य स्थानमा स्थानान्तरण गर्ने निर्णय गरियो । |
| ६ | सार्वजनिक जग्गा संरक्षण गर्दा वास्तविक सुकुम्बासीको व्यवस्थापन सम्वन्धमा । | प्रस्तुत विषयमा यस नगरपालिकाले शुरु गरेको सार्वजनिक जग्गा संरक्षण कार्यलाई निरन्तरता दिने साथै सार्वजनिक जग्गामा बसोबास गर्दै आएका वास्तविक सुकुम्बासीलाई अर्को स्थाई व्यवस्था नभए सम्मलाई बैकल्पिक स्थानमा बस्ने व्यवस्था गर्ने निर्णय गरियो । हाल पालुङटार नगरपालिका वडा नं ५ , माझाटारमा बसोबास गर्ने श्री सुक बहादुर गुरुङलाई घर भाडा बापत मासिक रु ५००० उपलब्ध गराउने निर्णय गरियो । |

शेर बहादुर वि.सी
प्रमुख प्रशासकीय अधिकृत

विपत विन्तन
नगर प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| ७ | विभिन्न कार्यविधिको तर्जुमा/ संसोधनको सैद्धान्तिक सहमति सम्वन्धमा। | प्रस्तुत विषयमा यस नगरपालिकालाई आवश्यक पर्ने विभिन्न कार्यविधिहरुको केही दफाको संसोधनका लागि सैद्धान्तिक सहमति दिने निर्णय गरियो।<br>१. उपभोक्ता समिति गठन तथा सञ्चालन कार्यविधि संसोधन<br>२. विषयगत समिति गठन तथा कार्य सञ्चालन कार्यविधि संसोधन<br>३. कानून तर्जुमा दिग्दर्शन |
| ८ | एकिकृत कर अभियान सञ्चालन सम्बन्धी कार्यविधि तर्जुमाको सैद्धान्तिक सहमति सम्बन्धमा। | प्रस्तुत विषयमा यस नगरपालिकाको कर क्षमतामा वृद्धि गर्दै आन्तरिक आम्दानीलाई बढवा दिन कर अभियान सञ्चालनका लागि आवश्यक पर्ने एकिकृत कार्यविधिको तर्जुमाका लागि सैद्धान्तिक सहमति दिने निर्णय गरियो। |
| ९ | घर नक्सा अभिलेखिकरण सम्वन्धी कार्यविधि तर्जुमाको सैद्धान्तिक सहमति सम्बन्धमा। | यस नगरपालिका भित्रको निर्माण सम्पन्न भएको घरहरुलाई अभिलेखिकरण गर्नका लागि आवश्यक व्यवस्था गर्न आवश्यक भएकोले घर नक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधि तर्जुमाको सैद्धान्तिक सहमति दिने निर्णय गरियो। |
| १० | स्थानीय उत्पादनमा आधारित दिवाखाजा प्रारुप स्वीकृत गर्ने सम्वन्धमा। | नेपाल सरकारले सामुदायिक विद्यालयमा निःशुल्क दिवा खाजालाई यस नगरपालिकामा नै उत्पादन भएको रैथानेबालीहरुको प्रयोगलाई प्राथमिकता दिने गरि निर्माण गरिएको दिवाखाजा प्रारुप स्वीकृत गर्ने निर्णय गरियो। |
| ११ | पुनः मुल्याङ्कन रकमका आधारमा लिलाम गर्ने सम्वन्धमा। | यस नगरपालिकामा रहेको सामाग्रीहरुको लिलाम विक्रिका लागि सूचना प्रकासन गरिएकोमा कुनै पनि निवेदन प्राप्त नभएकोले सार्वजनिक खरिद नियमावलीको नियम अनुसार पुनः मुल्याङ्कन रकमका आधारमा लिलाम विक्रिको सूचना प्रकासन गर्ने निर्णय गरियो। |
| १२ | कार्यक्रम सञ्चालन सम्वन्धमा। | प्रस्तुत विषयमा यस नगरपालिका र उद्योग बाणिज्य संघ पालुङटारको संयुक्त सहकार्य हुने गरि उदघोषण तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो र उक्त कार्यक्रम सञ्चालनका लागि लाग्ने खर्च यस कार्यालयको खर्च शिर्षक २२५२२ को कार्यक्रम खर्च शिर्षकबाट व्यहोर्ने निर्णय गरियो। |
| १३ | सामुदायिक सिकाई केन्द्रको प्रतिवन्ध फुकुवा सम्वन्धमा। | प्रस्तुत विषयमा यस नगरपालिका वडा नं ९ मा रहेको मिरकोट सामुदायिक सिकाई केन्द्रमा आगजानी भएको र कागजपत्र नष्ट्र गरिएको सम्वन्धमा प्रहरी कार्यालयबाट छानविन हुदा कुनै अभियुक्त पत्ता लगाउन नसकिएकोले उक्त सामुदायिक सिकाई केन्द्रलाई कार्यपालिका बैठकले लगाएको प्रतिवन्धलाई फुकुवा गरी नियमित कार्य सञ्चालनका लागि अनुमति दिने निर्णय गरियो। |
| १४ | रकम उपलब्ध गराउने सम्वन्धमा। | प्रस्तुत विषयमा यस नगरपालिका वडा नं ५ मा स्थापना भएको बौद्ध तामाङ समाजले लोप हुन लागेको तामाङ भाषा लिपि संभोटा लिपि) संरक्षण एंव सम्बर्द्धन गरी व्यवहारीक रुपमा प्रयोगमा ल्याउनको लागि दक्ष भाषा प्रशिक्षकहरु झिकाई मिति २०८२-०९-०१ गते देखि २०८२-१२-०६ गते सम्म भाषा तथा लिपि प्रशिक्षण सम्पन्न गरेकोले उक्त कार्यक्रमबाट यस नगरपालिकाको लोप हुने लागेको तामाङ भाषा लिपिलाई संरक्षणमा महत्तपुर्ण भुमिका खेलेको हुदाँ सो कार्य गर्दा भएको विभिन्न खर्च यस नगरपालिकाको |

शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत

विकास चिन्तन
नगर प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | १७ नगरसभाबाट परम्परागत कला, संस्कृति तथा सिर्प विकास शिर्षकमा विनियोजन भएको रकमबाट रु २०००००।– अक्षरुपी ~~एक~~ दुई लाख उपलब्ध गराउने निर्णय गरियो । |
| १५ | स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणालीको सूचक कार्यान्वयन सम्बन्धमा । | स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणालीको सूचकहरुमा आधारित रहि यस कार्यालयबाट सम्पादन गरिने कार्यहरु सम्पादन गर्ने जोड दिने निर्णय गरियो तथा सोका लागि आवश्यक पर्ने अध्ययन, कार्ययोजना, फ्रेमवर्क, मापदण्ड, योजना निर्माणको कार्यको लागि बजेट खर्च शिर्षक परामर्श सेवा शुल्क बाट प्रकृया अगाडी बढाउने निर्णय गरियो । |
| १६ | पदाधिकारीको सेवा सुविधा सम्वन्धमा । | प्रस्तुत विषयमा वडा नं ८ र १० बाट निर्वाचित नगर सभा सदस्य श्री गिरी माया थापा र नगर सभा सदस्य श्री सरीता नेपालीको नगरपालिकाको जिम्मेवारी वहन गरिरहेको अवस्थामा स्वास्थ्यमा समस्या देखिएको र उपचार गर्नु भएकोले निजको उपचारमा लागेको खर्चको अधिकतम ५०,०००।– (अक्षरुपी पचास हजार) नबढने गरि उपचार खर्च उपलब्ध गराउने निर्णय गरियो । |
| १६ | विविध | प्रस्तुत विषयमा छलफल हुदाँ यस नगरपालिकाको कृषि विकास शाखा अन्तर्गत कार्यान्वयन हुने कार्यक्रम अमिलो जात फलफुल प्रवर्द्धन कार्यक्रम तथा अन्य विभिन्न कार्यक्रममा विरुवा रोपणका लागि खाल्टो खन्ने ज्याला प्रति खाल्टो रु २००।- हुने गरि निर्धारण गर्ने निर्णय गरियो । |

शेर बहादुर वि.सी.
प्रमुख प्रशासकीय अधिकृत

दिवस चिन्तन
नगर प्रमुख

Scanned with CamScanner